नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७८/०८/०८ मा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको बैठक सम्पन्न भयो । बैठकमा वर्तमान सन्दर्भमा विकास र सेवा प्रवाह सुधार, विद्यमान आपूर्ति व्यवस्थाको स्थिति समीक्षा, बजार अनुगमनको प्रभावकारिता लगायत विकास निर्माण कार्यहरुमा पहिचान गरिएका समस्याको समाधानसहित कार्यान्वयनलाई प्रभावकारी बनाउने बिषयमा विस्तृत छलफल भयो ।बैठकबाट बिषयगत मन्त्रालयहरुले कार्यक्षेत्रको सेवा सुधारको कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने, देशका ठूला सहरहरुमा विकास र सेवा प्रवाहलाई अन्तर निकाय समन्वय सुदृढ गर्ने, खानेपानी आपूर्ती प्रणालीलाई सुनिश्चित गर्दै पहिरोबाट क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको पुनर्निर्माण कार्य गर्ने, धानवाली क्षतिको राहत वितरण कार्यलाई समयावद्ध बनाई कार्यान्वयन गर्ने, चैत्र मसान्त सम्म सम्पूर्ण नागिरकहरुलाई कोभिड-१९ विरुद्धको खोप उपलव्ध गराउने र नियमित रुपमा बजार अनुगमन गर्ने लगायतका निर्णयहरु भए।

बैठकमा मुख्य सचिवले केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिबाट भएका निर्णयहरु यथाशीघ्र कार्यान्वयनमा ल्याउन सम्वन्धित सवै मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिनुभयो। यस बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, भौतिक पूर्वाधार तथा यातायात, खानेपानी, कृषि तथा पशुपन्छी विकास, उर्जा, जलस्रोत तथा सिंचाई, संघीय मामिला तथा सामान्य प्रशासन, उद्योग, वाणिज्य तथा आपूर्ति, वन तथा वातावरण मन्त्रालयका सचिवहरु, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, सहरी विकास मन्त्रालयका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो।

मिति : २०७८/०८/०९

कृष्ण बहादुर राउत
प्रवक्ता